जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३२ अंक १४९ २०७९ साल पुस २७ गते बुधबार (11 Jan. 2023 Wednesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बेरोजगारी अन्त्य गर्न यस्ता छन्. ३ पृष्ठमा : एसपिपीसम्बन्धी कुनै निर्णय ... ३ पृष्ठमापाकिस्तानी प्रमभन्दा उनका...

# २७औं लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार बिन्दुलाई





**दैनिक समाचारदाता राजविराज, २६ पुस ।**

२७औं लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कारबाट पत्रकार बिन्दु यादव सम्मानित भएका छन् । पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्व.पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति एवं सम्मानमा स्थापना गरीएको उक्त पुरस्कारबाट मंगलवार पत्रकार यादव सम्मानित भएका हुन् ।

पुरस्कारको राशी ५ हजार ५ तथा कदरपत्र रहेको छ । पत्रकार महासंघ शाखा सप्तरीको सभाकक्षमा आयोजित एक समारोहबीच प्रमुख अतिथी प्रेस काउन्सील नेपालका अध्यक्ष बालकृष्ण वस्नेतले पत्रकार यादवलाई उक्त सम्मान प्रदान गरेका हुन् ।

पत्रकार यादव राजविराजबाट प्रकाशित हुने पुर्व प्रभात पत्रिकाका प्रकाशक एवं सम्पादक हुन् । विगत दुई दशक देखी पत्रकारीताको माध्यमले समाज उत्थानमा योगदान पुऱ्याए वापत उनलाई सम्मान गरिएको पुरस्कार छनौट समितीका संयोजक विष्णु मण्डलले बताए । पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा उक्त समारोह आयोजना गरिएको थियो ।

# समितीका नवनिर्वाचित पदाधिकारीहरुद्वारा सपथ



**दैनिक समाचारदाता राजविराज, २६ पुस ।**

सगरमाथा साझा नेपाल यातायात प्रालिको प्रथम साधारण सभाले चयन गरेको कार्य समितीका पदाधिकारीहरुले मंगलबार सपथग्रहण गरेका छन् ।

प्रालिका कानुनी सल्लाहकार अधिवक्ता डोमन साहले एक कार्यक्रमबीच अध्यक्षासहित सम्पूर्ण पदाधिकारीहरुलाई सपथ गराएका हुन् ।

यातायात व्यवसायीको पेशागत हकहित तथा व्यवस्थित ढंगले यातायात संचालनका लागी गठित समितिको अध्यक्षमा शम्भु प्रसाद यादव (लाली) को अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्य समिती चयन भएको थियो ।

गठित समितीको उपाध्यक्षमा हरेराम यादव, सचिव शैलेन्द्र कुमार देव र कोषाध्यक्षमा श्रीलाल शर्मा सर्वसम्मतले चयन भएका छन् । यस्तै सदस्यहरुमा अशोक साह, अशोक यादव, सत्य नारायण महतो छानिएका छन् ।

पहिलो बैठकले सवारी साधानलाई व्यवस्थित ढंगले संचालन तथा यातायात व्यवसायीको हक हितका लागी विभिन्न ३ बुंदे निर्णय गर्नूका साथै कार्य समितीको रिक्त रहेको सदस्य पदमा अर्जून कुमार गौतमलाई मनोनित गरेको सो प्रालिले जनाएको छ ।

# लगातारको शितलहरले जनजीवन कष्टकर



**दैनिक समाचारदाता राजविराज, २६ पुस ।**

केही दिन यता शितलहर चलेसँगै बढेको अत्याधिक चिसोले यहाँको जनजीवन कष्टकर बनेको छ ।

मंगलवार यहाँ यो वर्ष कै सर्वाधिक चिसो महसुस गरिएको छ । बाक्लो हुस्सु र निरन्तर चलिरहेको चिसो हावाले स्थानीयको दैनिक जीवनयापन कष्टकर बनेको हो । मंगलवार यहाँको तापक्रम ८ देखी ९ डिग्रीमा झरेको मौसमविज्ञहरु बताउँछन । विहानै देखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट मानिस कमै निस्किदा सडकमा चलह पहल निकै घटेको छ भने अस्पताल तथा स्वास्थ्य चौकीहरुमा दम, झाडापाखा,रुघाखोकीका विरामीको चाप बढेको स्वास्थ्यकर्मीहरु बताउँछन् ।

शितलहर बढेपछि बजारमा दाउरा बालेर आगो ताप्ने दुश्य जतातति देखिएको छ । चिसोबाट विषेश गरी अतिविपन्न, मुसहर र दैनीक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी प्रभावित भईरहेका छन । मजदुरहरु काममा जान पाएका छैनन भने घरमै वस्नु पर्दा हातमुख जोर्ने समस्या भइरहेको तिलाठी कोइलाडी गाउँपालिका ४ का बैजु सदाले सुनाए ।

यस्तै गुनासो पोखे छिन्नमस्ता गाउँपालिका ३ का सत्यनारायण मुखियाले । “एकातीर शरीर ढाक्ने प्रयाप्त न्यानो लुगा छैन भने अर्कोतीर अत्याधिक चिसोले काममा जान नपाउँदा हात मुख जोर्न समस्या भएको छ, उनले भने । उनले गाउँघरबाटै संकलित गरेको दउराको भरमा जाडो झेलिरहेको सुनाए ।

अतिविपन्न मुसहर तथा डोम समुदायले जाडो छल्न अधिकांश समय आगो तापेर वसिरहेका छन् । बाक्लो हुस्सुले भिजीविलीटी कम भएपछी पुर्वपश्चिम राजमार्ग सहित बजार र ग्रामिण क्षेत्रको भित्री सडकमा चल्ने सवारी साधन विहान र दिउसै पनि बत्ति बालेर गुडिरहेका छन् । ट्राफिक प्रहरीले पनि यस्तो मौसममा सावधानी अपनाएर सवारी साधन गुडाउन अनुरोध गरिरहेको छ ।

यता जाडोबाट जोगिन न्यानो कपडा लगाउन, तातो झोलिलो खाने कुरा खान र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश साहले सुझाव दिएका छन् ।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

# राज्य पक्षबाट समयमै पहल जरुरी

पुष महिनाको कठ्यांग्रिदो चिसोले जनजीवन अति कष्टप्रद मात्र बनाएको छैन, चिसोले कठ्यांग्रिएर विपन्न परिवारका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ का ४५ वर्षिय देबु भन्ने राजकुमार सदाले ज्यान नै गुमाउनु परेको छ ।

दैनिक ज्याला मजदुरी गरेर परिवार पाल्दै आएका सदाले चिसोबाट ज्यान गुमाएको यो पहिलो घटना भने होइन । चिसो छल्न प्रयाप्त लुगा नहुँदा प्रत्येक वर्ष जाडो याममा विपन्न समुदायका दुई/तीन जना व्यक्तिले ज्यान गुमाउनु पर्ने बाध्यता कायमै रहेको छ । यो अवस्था भनेको अत्यन्तै दुःखद र चिन्ताजनक हो ।

विपदको पूर्व तयारी र विपन्न परिवारलाई समयमै राज्यले न्यानो कपडा र साधन उपलब्ध गराउन नसक्दा यस्ता दुःखद घटनाले निरन्तरता पाइरहेको छ ।

एकातिर राज्य पक्षबाट प्रयाप्त सहयोग नपाउनु र अर्कोतिर रोग, भोक र अशिक्षाले ग्रसित विपन्न समुदायले चिसो याममा न्यानो कपडाको जोहो गर्न नसक्नु दुवै अवस्था दुःखद हो ।

तसर्थ चिसोबाट नागरिकलाई जोगाउन राज्य पक्षबाट सहयोगको हात बढाउन बेलैमा तदारुकता देखाउनु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रनिर्माताको सम्मानमा सार्वजनिक बिदा महत्वपूर्ण हुने

*- कृष्णराज गौतम*

काठमाडौँ, २६ पुस (रासस) ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्तीको स्मरणमा सरकारले पुस २७ गते सार्वजनिक बिदा दिने निर्णय गरेपछि त्यसको विभिन्न क्षेत्रबाट स्वागत भएको छ ।

आधुनिक नेपाल एकीकरणको नेतृत्व गरेर बाइसे चौबिसे राज्यमा छरिएका भूभागलाई एकीकरणमा महत्वपूर्ण योगदान गरेकाले अधिकांश नेपालीले जन्मजयन्तीमा बिदाको माग गर्दै आएका थिए । सरकारले सोमबारको मन्त्रिपरिषद् बैठकबाट बिदा दिने निर्णय गरेको हो ।

दोस्रो जनान्दोलन अगाडिका सरकारले जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउनाका साथै उक्त दिन सार्वजनिक बिदा दिने गरेकामा विसं २०६२/६३ को राजनीतिक परिवर्तनसँगै त्यो प्रचलनको अन्त्य गरिएको थियो । आन्दोलनपछि बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले पृथ्वीजयन्तीमा बिदा कटौतीको निर्णय गरेको थियो ।

साहित्यकार मोदनाथ प्रश्रित, संस्कृतिविद् डा रमेश ढुङ्गेल, पर्यटन व्यवसायी भरत बस्नेतलगायतको समूहले राष्ट्र निर्माणको गौरव तथा इतिहासलाई संरक्षण गर्नुपर्ने अभियान सञ्चालन गरेर नुवाकोटलगायत केही भत्काइएका स्थानमा सालिक पुनः स्थापना गरेको थियो ।

राष्ट्रनिर्माताका योगदानलाई महत्वहीन भएको भ्रम फैलाउँदै केही समूहद्वारा एकीकरणको औचित्यमाथि नै प्रश्न उठाउने, सालिक भत्काउनेसम्मका कार्य गरिएका थिए । मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता र स्वतन्त्रता अक्षुण्ण राख्न उहाँले निर्वाह गरेको भूमिकालाई आधुनिक नेपालमा बसोबास गर्ने नेपालीले बिर्सन नहुने राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले बताउनुभयो ।

उहाँले प्रत्येक वर्ष जन्मजयन्तीका दिन निरन्तर बिदाको माग गर्दै आफ्नो पार्टीले जन्मजन्तीको स्मरणका लागि विचार गोष्ठी तथा शुभकामना आदानप्रदानको सुरुआत गरेकामा सरकारले गरेको निर्णयप्रति खुसी व्यक्त गर्नुभयो । इतिहासको अपव्याख्या गरेर नेपाल एकीकरणकर्ताको जन्मदिनलाई बिर्साउने गरी भएको गल्तीलाई सच्याएर नेपाली नोटमा पृथ्वीनारायणको तस्बिर अङ्कित गर्न राप्रपाले माग गर्दै आएको छ ।

सो पार्टीले देशैभर रहेका सबै जिल्ला समितिलाई पृथ्वीजयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाउन परिपत्र गरेको छ । विसं १७७९ पुस २७ गते गोरखामा जन्मेर विसं १७९९ चैत २५ गते राजा भएसँगै उहाँले विसं १८०१ असोज १५ गते नुवाकोटमा आक्रमण तथा विजय गरी एकीकरणको अभियान सुरु गरेको इतिहास पाइन्छ ।

गोरखाका राजा नरभूपाल र रानी कौशल्यावतीका छोराका रूपमा जन्मिएका उहाँ ‘रामायण’, ‘महाभारत’ र ‘शुक्रनीति’ जस्ता ग्रन्थबाट राज्य सञ्चालनसम्बन्धी ज्ञान दिइएकाले ‘युद्रकला’ र ‘कूटनीति’ मा निपुण हुनुहुन्थ्यो ।

इतिहासविद्का अनुसार धनुबाण, तरवार, युद्रकला, घोडसवारी दौडमा युवावस्थादेखि नै उहाँको लगाव भएको पाइन्छ ।

नजिकका कमजोर राज्यलाई समाहित गर्दै काठमाडौँ उपत्यकालाई एकीकरणका माध्यमबाट प्राप्त गर्ने योजनाअनुसार शाह सफल भएको नेपाल प्रज्ञा( प्रतिष्ठानका पूर्वउपकुलपति जगमान गुरुङले बताउनुभयो । छरिएका राज्यलाई एकीकरणका माध्यमबाट पृथ्वीनारायणले आधुनिक नेपाल निर्माण गरी विभिन्न जाति र समुदायले सजिएको राष्ट्रका रूपमा विकास गरेकाले उहाँलाई नेपालीले सदैव सम्मान गर्नुपर्ने तथा जन्मजयन्तीलाई एकता दिवसका रूपमा मनाउन सरकारले दिएको बिदाको महत्व हुने गुरुङले विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “कुनै पनि मुलुकको राष्ट्र निर्माताको जन्मजयन्ती मनाउने परम्परा हुन्छ, राष्ट्रपिताको तुलना अरू कसैसँग हुन सक्दैन ।”

मकवानपुरकी राजकुमारी इन्द्रकुमारीसँग विवाह गरेका उहाँले विसं १७९८ मा काठमाडौँ आउँदा गोरखा दरबारबाट ल्याएका केही वस्तु भक्तपुरका राजा रणजित मल्ललाई उपहारका रूपमा दिएको र चाँगुनारायण, पशुपति तथा गुहेश्वरीलगायत मन्दिर दर्शन गर्ने क्रममा उपत्यकाको भूभागलाई एकीकरण गर्ने इच्छा राखेको इतिहास पाइन्छ ।

करिब २० वर्षको उमेरमा राजा भएका उहाँले एकीकरणका क्रममा मकवानपुर पनि कब्जा गरेक बताइन्छ । एकीकरणका क्रममा उहाँले विसं १८१४ देखि करिब सात वर्षसम्म तीन पटक कीर्तिपुरमा आक्रमण गर्नुभएको थियो । कीर्तिपुरवासीसँग दुई पटक पराजित भएका उहाँले तेस्रो पटकको प्रयत्नमा विजय हासिल गरेको बताइन्छ । काठमाडौँ, ललितपुर र भक्तपुरबाट सैन्य सहयोग प्राप्त गरेको कीर्तिपुरसँगको युद्धमा गोरखाली सेनाको नोक्सानी भएको थियो ।

नेपाली सेनाले केही वर्षदेखि पृथ्वीजयन्तीका अवसरमा गोरखाबाट काठमाडौँसम्म ‘एकीकरण पदयात्रा’ गर्दै आएको छ । एकीकरणका सन्दर्भमा त्यस क्षेत्रमा प्रयोग भएको मार्गमा सेनाले पुस २० गते गोरखाबाट यात्रा सुरु गरेर धादिङ, नुवाकोट र नागार्जुन हुँदै पुस २७ गते हनुमानढोका आइपुग्ने गरेको छ ।

विसं १८२४ असोज १५ गते गोरखाली सेनाले सिन्धुलीगढीमा इस्ट इन्डिया कम्पनी सेनासँग गरेको युद्धलाई महत्वपूर्ण मानिन्छ । पूर्वमा जापानदेखि पश्चिमका ल्याटिन अमेरिकी भूभागमा फैलिएको बेलायती साम्राज्यलाई रोक्न उहाँको नेतृत्वमा सञ्चालन भएको एकीकरण अभियानले प्राप्त गरेको सफलताले विश्व इतिहासमा गोरखालीको गौरव बढाएको थियो ।

सो स्थानमा गोरखाली सेनाले ‘किन लक’ नेतृत्वको दुई हजार चार सय अङ्ग्रेज सैनिकसँग युद्ध गरी एक हजार छ सय सैनिकलाई मारेको इतिहास छ । त्यसबेलासम्म काठमाडौँ उपत्यका एकीकरण भइसकेको थिएन ।

करिब दुई हजार पाँच सय मिटर अग्लो उक्त स्थानमा अहिले सेनाले पहिलो युद्ध सङ्ग्रहालय निर्माण गरेको छ । रु चार करोड ५० लाख खर्चमा बनेको सङ्ग्रहालयमा तत्कालीन युद्धमा प्रयोग गरिएका सैनिक पोसाक, हातहतियार, अन्य सैन्य सामग्री र त्यस युद्धमा प्रयोग भएका अरू ऐतिहासिक वस्तु तथा सामग्री सङ्कलन गरिएका छन् ।

काठमाडौँदेखि एक सय ५० किलोमिटर दूरीमा रहेको सिन्धुलीगढीमा निर्माण गरिएको उक्त सङ्ग्रहालयमा तत्कालीन छ शिलालेखसमेत राखिएका छन् । ती शिलालेख देवानगरीमा लेखिएका छन् र केही अस्पष्ट देखिन्छन् ।

विसं १८२५ मा काठमाडौँलाई एकीकरण गरेका गोरखाली सेनाले क्रमशः ललितपुर र भक्तपुरमाथि पनि विजय गरेको थियो ।

पृथ्वीजयन्तीका अवसरमा विसं २०७४ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले सार्वजनिक बिदा दिएर सिंहदरबारको मुख्य प्रवेशद्वारअगाडि रहेको शाहको सालिकमा फूलमाला चढाइएको थियो । त्यसपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले पुनः बिदा कटौती गरेको थियो ।

नेपाल चलचित्र कलाकार सङ्घका वरिष्ठ उपाध्यक्ष मोहन निरौलाले पृथ्वीनारायण शाहको स्मृतिमा राष्ट्रिय एकता दिवस मनाउने परम्परालाई निरन्तरता दिने कार्यको सराहना गर्दै यस कार्यले नेपाल र नेपालीको नाम र पहिचान मिलेको धारणा राख्नुभयो ।

एकीकरण अभियानमा शाहले लिएका नीति तथा राज्यलाई जोगाउन दिएका ‘दिव्योपदेश’ अहिले पनि उत्तिकै सान्दर्भिक छन् । ती उपदेशमा गृहनीति, परराष्ट्रनीति, अर्थनीति, खेतीयोग्य जमिनको रक्षा, खानी, लडाकु सैनिक र शस्त्र सङ्ग्रह गरी देशको रक्षा गर्ने विषयवस्तु समेटिएका छन् । नेपाल चार जात ३६ वर्णको फूलबारी भएको जनाउँदै उहाँले घूस लिने र घूस दिने दुवै अपराधी भएको नारालाई अघि बढाउनुभएको थियो ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी

# सरकारी शुल्कमा निजी अस्पतालमा क्यान्सर उपचार

चितवन, २६ पुस (रासस)।

चितवन मेडिकल कलेजको भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्युटले सरकारी अस्पतालमा लिइने शुल्कमा नै क्यान्सरको उपचार सुरु गरेको छ। अस्पतालले सरकारले विपन्नका लागि तय गरेको सरकारी शुल्कमा नै उपचार सेवा दिएको हो।

इन्स्टिच्युटका प्रमुख डा सुवास ठाकुरका अनुसार रक्त क्यान्सरबाहेक सम्पूर्ण क्यान्सरको उपचार सुरु गरिएको छ। अस्पतालमा ब्राकी थेरापी, रेडिएसन, केमो थेरापी र शल्यक्रिया सेवा उपलब्ध रहेको छ। यी सबै सेवा नेपाल सरकारले तोकेको शुल्कमा गरिँदै आएको उहाँले बताउनुभयो।

अस्पताल परिसरमा छुट्टै भवन निर्माण गरी एक सय शय्याको क्यान्सर इन्स्टिच्युट स्थापना गरिएको छ। इन्स्टिच्युटमा क्यान्सरका बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा, रेडियोथेरापी, केमो थेरापी, ब्राकी थेरापीलगायतका सेवा रहेका छन्। दैनिक एक सय जनासम्मलाई रेडियसन (सेक्ने) सेवा दिन सकिने गरी रेडिएसन लिन्याक एक्सिलेरेटर जडान गरिएको छ।

डा ठाकुरका अनुसार टाउकोभित्रको ट्युमरलाई विना शल्यक्रिया उपचार गर्ने प्रविधि एसआरएस (स्टेरियो टेक्टिक रेडियो सर्जरी) पनि ल्याइएको छ। यसबाट उपचार गर्दा शल्यक्रिया नगरी टाउकोभित्र रहेको ट्युमरलाई भित्रै सेकाएर नष्ट गर्न सकिन्छ। यस्तै एसबिआरटी (स्टेरियो टेक्टिक बडि रेडिएसन थेरापी) सेवा पनि सुरु गरिएको छ। यसले शल्यक्रियाबिना शरीरका अङ्गमा रहेको क्यान्सरका ट्युमरलाई नष्ट गर्दछ। उहाँका अनुसार फोक्सो, प्रोस्टेट, आन्द्राको क्यान्सरमा यो उपयोगी हुन्छ। यसैगरी शल्यक्रिया गर्नै नमिल्ने गरी फैलिएको क्यान्सरको उपचारमा पनि यो प्रविधि सहज हुने उहाँको भनाइ छ।

ब्राकी थेरापीमार्फत शरीरभित्र उपकरण राखेर रेडियो एक्टिभ सोर्स प्रयोग गरेर क्यान्सर कोष मार्ने प्रविधि पनि इन्स्टिच्युटमा ल्याइएको छ। पाठेघरको क्यान्सरमा यो प्रविधिको उपचार बढी प्रयोग हुने गर्दछ।

अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाका अनुसार क्यान्सर इन्स्टिच्युटमा भारत, अमेरिका र चीनमा क्यान्सर उपचारमा काम गरेका अनुभवी विशेषज्ञ चिकित्सक छन्। रेडियसनसँगै ब्राकी थेरापी, स्पेक्ट सिटी स्क्यान, बोनम्यारो प्रत्यारोपण, बाल क्यान्सरको उपचारसहित सबै खालका क्यान्सरको उपचारका लागि आवश्यक उपकरण ल्याइसकिएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामीले भित्र्याएका उपकरण क्यान्सर उपचारमा पछिल्लो समय विकास भएका आधुनिक उपकरण हुन्, जुन नेपालमा अझै भित्रिएका छैनन्।" कतिपय भारतमा समेत नभएको उपकरण भित्र्याइएको देवकोटाको भनाइ छ।

सरकारी क्यान्सर अस्पतालमा रेडिएसनसहितको उपचारका लागि महिनौँ पालो कुर्नुपर्ने भए पनि सरकारी मूल्यमै आफूहरूले आजको भोलि सेवा दिन सुरु गरेको देवकोटाले बताउनुभयो। क्यान्सर उपचारका लागि सहयोगी हुने अन्य उपचार सेवा र उपकरण मेडिकल कलेजमा भएकाले उपचारमा सहज भएको देवकोटा बताउनुहुन्छ। अस्पतालमा एमआरआई, सिटीस्क्यान, मेमोग्राम, स्पेक्टसिटी, बोन स्क्यानर, ए ग्रेडको प्रयोगशाला रहेका छन्। यो मेडिकल कलेज देशभरका धेरै बिरामी उपचार गर्नेमध्येमा पर्दछ।

जिल्लामा रहेको विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा भारतदेखि बिरामी आउने गर्दछन्। यहाँ उच्च चापका कारण पालो कुर्नुपर्ने र बाहिर जानुपर्ने बिरामीलाई यहीँ सेवा दिन सकिने देवकोटाको भनाइ छ।

# सभामुखको निर्वाचन आगामी माघ ५ मा

काठमाडौँ, २६ पुस (रासस)।

प्रतिनिधिसभाको सभामुख पदको निर्वाचन आगामी माघ ५ गते हुने भएको छ। प्रतिनिधिसभाको मंगलवारको बैठकमा ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले सो जानकारी दिनुभयो। उहाँले सभामुखको निर्वाचनका लागि सङ्घीय संसद् सचिवालयका महासचिव भरतराज गौतमलाई निर्वाचन अधिकृत तोक्नुभएको छ।

नेपालको संविधानमा निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने प्रावधान छ। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो बैठक यही पुस २५ गते बसेको थियो। प्रतिनिधिसभाको अर्को बैठक आगामी माघ ५ गते बिहान ११ बजे बस्नेछ।

# टि-ट्वान्टी क्रिकेट : विराटनगर फाइनलमा

काठमाडौँ, २६ पुस (रासस)।

पहिलो संस्करणको नेपाल टि-ट्वान्टी क्रिकेट लिगमा विराटनगर सुपर किंग्स फाइनलमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलवार भएको खेलमा विराटनगरले जनकपुर रोयल्सलाई ३९ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो। विराटनगरले दिएको एक सय ६८ रनको लक्ष्य जनकपुरले १९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै एक सय २८ रन मात्र बनाउन सक्यो।

जनकपुरको लागि चाडविक वाल्टनले सर्वाधिक ५१ रनको योगदान दिए भने कप्तान ट्राभोन ग्रिफिथले ३४ रन बनाए। तेस्तै खडक बोहोराले १४ रन बनाए।

विराटनगरका राज नानन र कियोन जोसेफले समान तीन तीन विकेट लिए भने नन्दन यादवले २ विकेट लिए। तेस्तै सूर्य तामाङले १ विकेट लिए।

त्यसअघि पहिले टस जितेर पहिले ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर एक सय ६७ रन बनाएको थियो। विराटनगरका लागि गौरान्शु शर्माले ४२ रन जोडे भने अर्जुन साउदले ३५ रन बनाए। तेस्तै राज नाननले ३३ तथा हुसेन तलतले ३१ रन बनाए।

जनकपुरका लागि जितेन्द्र मुखियाले २ तथा सोमपाल कामी, सरफुदिन असरफ, ललित नारायण राजवंशी र शमीउल्लाह शिनवारीले समान १/१ विकेट लिए।

आज हुने फाइनल खेलमा विराटनगरले लुम्बिनी अल स्टारसँग खेल्नेछ। प्रतियोगिताको विजेता टोलीले रु ५५ लाख पाउनेछ भने उपविजेताले रु ३० लाख पाउनेछ।

# वागमती प्रदेशमा मन्त्रालयको सङ्ख्या घटाउने निर्णय

हेटौँडा, २६ पुस (रासस)।

वाग्मती प्रदेशका नवनियुक्त मुख्यमन्त्री शालिकराम जमकट्टेलले पदभार ग्रहण गरेसँगै मन्त्रालय सङ्ख्या घटाउने निर्णय गर्नुभएको छ। उहाँले आज प्रदेशको मुख्यमन्त्रीको पदभार ग्रहण गरेसँगै उक्त निर्णयमा हस्ताक्षर गर्नुभएको हो।

मुख्यमन्त्री जमकट्टेलले मन्त्रालयको सङ्ख्या कटौती गर्न मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा निर्माण गरिएको कार्यदलको निर्णयमा हस्ताक्षर गर्नुभएको हो। कार्यदलले १५ दिनभित्र प्रतिवेदन पेस गर्नेछ। पदभार ग्रहणपछि प्रतिक्रिया दिँदै उहाँले आम जनगुनासोलाई सम्बोधन गर्न प्रदेशमा मन्त्रालयको सङ्ख्या कटौती गर्ने निर्णय गरिएको बताउनुभयो।


हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय



ॐ



यहि मिति २०७९ साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरुलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ ।

स्थान :

श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण

राजविराज नगरपालिका-७

समय :

२०७९/१०/०१ गते आइतबार ११:०० देखि ०४:०० बजेसम्म


## विश्व समाचार

### चीनद्वारा दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन

बेइजिङ, २६ पुस (रासस/एपी)।

चीनले कोरोनाभाइरसको प्रतिकारमा दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन गरेको छ। दक्षिणकोरिया भ्रमण गर्ने चिनियाँ यात्रीलाई सोलले कोरोना-१९ परीक्षण नकारात्मक हुनुपर्ने नियम लगाएपछि बदलामा चीनले पनि दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन गरेको हो।

सोलस्थित चिनियाँ दूतावासले अनलाइन पोस्ट गरेको सङ्क्षिप्त सूचनाअनुसार दक्षिणकोरियाली नागरिकलाई पर्यटन वा व्यापारको लागि चीन जाने प्रवेशाज्ञा निलम्बन गरिएको छ। सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ।

चीनबाट कोरिया जानचाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसैअनुरुप व्यवहार गर्ने बताएको छ। विश्व स्वास्थ्य सङ्गठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्याङ्क नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौं देशले चीनबाट आफ्ना भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना सङ्क्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ। महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशङ्कित भएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए। केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख शहरहरूमा विरोध प्रदर्शन भएका थिए। कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए।

### ब्राजिलमा भएको दङ्गामा सहभागी एक हजार दुई सयजना पक्राउ

ब्रासिलिया, २६ पुस (रासस/सिन्ह्वा)।

ब्राजिलमा राष्ट्रपतिको निर्वाचनका विषयलाई लिएर भएको विवादमा सहभागी भएको आशङ्कामा यहाँको प्रहरीले कम्तीमा पनि एक हजार दुई सय जनालाई पक्राउ गरेको जनाएको छ।

ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले यहाँको राष्ट्रपतीय निर्वाचनको परिणाम घोषणा भएपछि सोमबार व्यापक मात्रामा तोडफोड गरेका थिए।

उनीहरुले यहाँको संसद भवन, ब्राजिलका राष्ट्रपतिको कार्यालयमा पनि आक्रमण गरेका थिए। उनीहरुले संसद भवनभित्रै प्रवेश गरेर त्यहाँका भौतिक संरचनामा पनि तोडफोड गरेका थिए। प्रहरीले आइतबार रातिको सो घटनाको अनुसन्धान गर्ने क्रममा राति नै करिब तीन सय जनालाई पक्राउ गरेको थियो।

त्यस लगत्तै प्रहरी परिचालन गरिएको थियो। त्यस क्रममा प्रहरीले सो आक्रमण र हिंसामा सहभागी भएका व्यक्तिहरुलाई सिसी टिभीबाट पहिचान गरेर पक्राउ गर्ने काम थालेको थियो।

यहाँको राष्ट्रपतिका रुपमा लुइज इनासियो लुला दा सिल्भा शक्तिमा आएपछि उहाँको विरोधमा पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले सो विरोध गरेका हुन्।

उनीहरुले राष्ट्रपतीय निर्वाचनको विरोध गरेका थिए। उनीहरुले राजधानी सहरमा रहेको सर्वोच्च अदालतको भवनमा पनि आगजनी गरेका थिए। त्यसपछि यहाँका प्रधानन्यायाधीशले उनीहरुलाई पक्राउ गरेर कारबाही गर्न प्रहरी प्रशासनका नाममा आदेश पनि दिनुभएको थियो।

यही जनवरी १ मा ब्राजिलका राष्ट्रपतिको शपथ लिनुभएका लुलाले हिंसामा सहभागी भएका सबैलाई कानुन अनुसार कारबाही हुने जानकारी दिनुभएको छ।

### सैनिक कारबाहीमा छ जना लागूऔषध तस्कर मारिए

बैंकक, २६ पुस (रासस/एएफपी)।

थाई सेनाले उत्तरी थाइल्याण्डको एक जङ्गलमा गरेको सैन्य कारबाहीमा परी छ जना संदिग्ध लागुऔषध तस्करलाई मारिएका अधिकारीहरूले मङ्गलबार जनाएका छन्।

यो घटना गोल्डेन ट्राएंगलनजिकै भएको थियो। यस क्षेत्र थाइल्याण्ड म्यानमार र लाओस सीमाक्षेत्रको रुपमा रहेको छ। यहाँ बारम्बार हुने गरेको सैन्य कारबाहीको बाबजुद तस्करीको लागि लामो केन्द्रको रुपमा रहेको छ।

सेनाका अधिकारीहरुले सोमबार बिहान फ्याङ जिल्लामा १५ देखि २० जना मानिसको समूहसँग सीमापार गर्ने क्रममा भिडन्त भएको बताएका छन्। ६ वटा सीमावर्ती प्रान्तको अनुगमन गर्ने फा मुआङ टास्क फोर्सले गरेको कारबाही भएको दोहोरो भिडन्तमा छ जना तस्कर मारिएका जनाएको छ।

गत महिना, थाई सेनाले म्यानमारको सीमानजिकै १५ जना लागूऔषध तस्करलाई मारेको थियो। तस्कर समूहले आक्रमण गरेपछि गोली चलाएको अधिकारीहरूले जानकारी दिएका छन्।

तस्करले क्रिस्टल मेथाम्फेटामाइन बोकेका र जुन अत्यधिक लत उत्तेजक म्यानमारमा उत्पादन गरिन्छ र एशियाभरि निर्यात गर्न थाइल्याण्ड र लाओस हुँदै पठाइन्छ।

दक्षिणपूर्वी एसियाभरका अधिकारीले हालैका वर्षहरूमा कीर्तिमान मेथ जफत गरेका छन्।

# प्रतिबद्धता कार्यान्वयमा निकै ठूलो अवसर प्राप्त भएको छ : प्रधानमन्त्री

काठमाडौं, २६ पुस (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताको अगाडि गरेका प्रतिबद्धताको अक्षरशः कार्यान्वयनका लागि ठूलो अवसर प्राप्त गरेको महसुस गरेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले सदनमा उपस्थित सत्तापक्ष र प्रतिपक्षले समेत समर्थन गर्ने अवस्था पैदा हुनुलाई असाधारण अवस्थाको संज्ञा दिनुभयो।

सोमबार नै आफूले प्रतिनिधिसभाको पहिलो बैठकपछि नै सिङ्गो सदनले नै विश्वासको मत व्यक्त गर्ने धारणा व्यक्त गरेको स्मरण गर्दै उहाँले आजको यो समर्थनलाई आफूमाथि ठूलो न्याय भएको बताउनुभयो। सबै दलको समर्थन पाएपछि आफूलाई अपार चुनौती र जिम्मेवारी थपिएको महसुस भएको बताउनुभयो। सबैजसो दलको समर्थनपछि जनताको लागि गरेको प्रतिबद्धता कार्यान्वयमा निकै ठूलो अवसर प्राप्त भएको प्रधानमन्त्रीको भनाइ थियो।

समर्थन गर्ने दल र सांसदको भावनालाई आफूले सकारात्मक चुनौतीको रुपमा लिएको प्रधानमन्त्रीले स्पष्ट पार्नुभयो। सत्तापक्ष र प्रतिपक्ष मिलेर मुलुकमा सामु रहेको साझा समस्या समाधानका लागि पहल गर्ने दृढता व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीले सिङ्गो सदनको नै विश्वासको मत पाउनुलाई आफू राष्ट्रिय सहमतिको केन्द्रबिन्दुमा रहेको महसुस गरेको उल्लेख गर्नुभयो। आफूले पाएको अपार समर्थनअनुसार कार्य सम्पादन गर्न सकूला वा नसकूला वा न्यायपूर्ण तवरले सम्बोधन गर्न सकूला वा नसकूला भन्ने अवस्था भने रहेको उहाँको भनाइ छ।

प्रधानमन्त्रीले भन्नुभयो, "मैले समग्रमा जे अपिल गरे। त्यसको निकै नै सकारात्मक जवाफ प्राप्त भएको छ। म सबैलाई आभार व्यक्त गर्न चाहन्छु।" सत्ता साझेदार दलहरू निश्चित नीति र कार्यक्रम नै एकताको आधार भएको उल्लेख गर्दै प्रधानमन्त्रीले अहिलेको जनमतअनुसार नै वर्तमान सरकार बनेको स्पष्ट पार्नुभयो।

संविधान राज्यको मूल कानुन भएकाले कार्यान्वयन गर्ने कुरामा सबै पक्ष प्रतिबद्ध रहनुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्रीले विगतमा संसद् विघटन गर्नु सही हो वा होइन भन्नेबारेमा अहिले बहसको विषय नभएको स्पष्ट पार्नुभयो। उहाँले संविधानभन्दा दायाँबायाँ गर्ने छुट आफूलाई नभएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले संविधान कार्यान्वयनमा प्रतिबद्ध भएर लाग्ने दृढता व्यक्त गर्नुभयो।

प्रधानमन्त्री दाहालले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले समेत समर्थन गरेपछि विभिन्न कुरा उठे पनि त्यसलाई आफूले सकारात्मकरूपमा लिएको बताउनुभयो। उहाँले आफूले दौरा सुरुवाल लगाएका विषयमा समेत सदनमा स्पष्ट पार्नुभयो। दौरा सुरुवाल आम नेपालीको पहिरन जस्तो भएकाले पनि त्यसलाई स्वीकार गरेको प्रधानमन्त्रीको भनाइ छ।

प्रधानमन्त्रीले भन्नुभयो, "म दौरा सुरुवाल कोटको विरोधी होइन तर, त्यो लगाउने अवसर जुरेको थिएन।"

शान्तिपूर्ण राजनीतिमा आएपछि पार्टीका नेताहरु मन्त्री बन्दा जे रुचि लाग्छ, त्यही लगाउनुस् भन्ने गरेको स्मरण गर्दै आफूलाई पनि उपयुक्त समयमा दौरा सुरुवाल लगाउँछु भन्ने लागेको सुनाउनुभयो।

दौरा सुरुवाल लगाउन सक्ने विषय सञ्चारमाध्यममा आएपछि आम मानिसको प्रतिक्रिया पनि हेरेको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "नेगेटिभ कमेन्ट एउटै देखिन, पोजेटिभ मात्र देखेपछि अब मैले यो निर्णय लिनै पर्ने भयो। जन अभिमतअनुसार पनि लगाएको मात्र हुँ।"

उहाँले नागरिकताविहीन नेपाली नागरिकलाई छ महिनाभित्र नागरिकता वितरण गर्ने प्रतिबद्धता व्यक्त गरिएको पुनः स्मरण गर्नुभयो। प्रधानमन्त्री दाहालले रेशम चौधरीलगायतको मुद्दा ऐनमा उपयुक्त व्यवस्था गरेर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# मधेशमा मुख्यमन्त्रीको लागि दावी पेश गर्ने तयारीमा जसपा

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस।**

मधेश प्रदेशको मुख्यमन्त्रीका लागि जनता समाजवादी पार्टीले दावी पेश गर्ने तयारी गरेको छ।

मधेशमा पहिलो पालोमा जसपाले सरकारको नेतृत्व गर्ने सत्ता साझेदार दलहरुबीच सहमति छ। सोही सहमति अनुसार जसपा संसदी दलका नेता सरोज यादवले मुख्यमन्त्रीमा दावी पेश गर्न अन्य दलसँग छलफल अघि बढाएका छन्।

१०७ जना प्रदेशसभा सदस्य रहेको मधेस प्रदेशमा बहुमतका लागि ५४ जना प्रदेशसभा सदस्यको आवश्यक पर्छ। सत्ता गठबन्धनमा रहेको नेकपा एमाले, जनता समाजवादी पार्टी, जनमत पार्टी, माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रदेशसभामा बहुमत पुग्छ। सत्ता साझेदार दलसँगै केही स्वतन्त्र सांसदको समर्थनमा मुख्यमन्त्रीको दावी पेश गर्ने जसपा नेता यादवको तयारी छ।

यादवले मंगलवार अबेर वा बुधबार (आज)सम्म मुख्यमन्त्रीमा आफ्नो दावी पेश गर्ने बताए। 'बढीभन्दा बढी बहुमत पुऱ्याएर दावी पेश गर्ने तयारी गरेको हुँ। आज वा भोलिसम्म प्रदेश प्रमुख समक्ष दावी पेश गर्छौं' उनले भने।

मधेश प्रदेशमा प्रदेश प्रमुख हरिशंकर मिश्रले पुस २८ गते मध्यान्ह ४ बजेसम्मको लागि मुख्यमन्त्रीमा दावी पश गर्ने समतय तोकेका छन्। जसका लागि जसपाले संसदीय दलका नेता यादवलाई अघि सारेको हो। यादव मधेश प्रदेशका निवर्तमान सभामुख हुन्। उनी २०७४ मा तत्कालिन राष्ट्रिय जनता पार्टी नेपालबाट सभामुख बनेका थिए। पछि जसपा विभाजन हुँदा उपेन्द्र यदवको पक्षमा लागे। मधेश प्रदेशमा जसपाको १६ सांसद छन्।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*